मा. आरती पौडेल
मन्त्री

# बीउभण्डार गृह (बीउ वैंक) स्थापना तथा सुधार कार्यक्रम सञ्चालन कार्यविधि, २०७६

**प्रस्तावना**ः कृषि जैविक विविधताको संरक्षण, खाद्य सुरक्षाको सूनिश्चितता तथा दिगो कृषि विकासका लागि गुणस्तरीय बीउको उपलब्धता तथा प्रयोगमा कृषक समुदायसँग सहकार्य गरी समुदायस्तरमा बीउ वैंकहरु स्थापना वा सुधार कार्य जरुरी देखिएकाले, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र मातहतको निकायको वार्षिक स्वीकृत कार्यक्रमलाई प्रभावकारी तथा व्यवस्थित रुपले सञ्चालन गर्न प्रदेश नं. ५ को अनुदान व्यवस्थापन एकीकृत मार्गदर्शन, २०७६ को दफा ४ को उपदफा (३) अनुसार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले यो कार्यविधि स्वीकृत गरी लागू गरेकोछ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**(१) यस कार्यविधिको नाम "बीउ भण्डार गृह (बीउ वैंक) स्थापना तथा सुधार कार्यक्रम सञ्चालन कार्यविधि, २०७६" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

(३) यो कार्यविधि प्रदेश नं. ५ भर लागू हुनेछ।

२.**परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) "कार्यक्रम" भन्नाले बीउ भण्डारगृह (बीउ वैंक) स्थापना तथा सुधार कार्यक्रमलाई सम्झनु पर्छ।

(ख) "निर्देशनालय" भन्नाले कृषि विकास निर्देशनालयलाई सम्झनु पर्छ।

(ग) "कार्यालय" भन्नाले भूमि व्यवस्था, कृषि तथ सहकारी मन्त्रालय वा मातहतका निकायहरुलाई सम्झनु पर्छ।

(घ) "घुम्ती कोष" भन्नाले बीउ वैंकका सदस्य वा कृषकहरुबाट तत्काल उत्पादित बीउ खरिद तथा भण्डारणका लागि प्रयोग हुने कालान्तरमा नघट्ने निश्चित रकमलाई सम्झनु पर्छ। सो शब्दले उचित मूल्यमा बीउ बिक्री पश्चात प्राप्त भई सोही कोषमा जम्मा हुने रकम समेतलाई जनाउँछ।

सचिव

प्रदेश सरकार
प्रदेश नं. ५
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
बुटवल, नेपाल

मा. आरती पौडेल
मन्त्री

(ङ) "बीउ बैंक समिति" भन्नाले दर्ता भएका संस्थाहरु मध्येबाट प्रजातान्त्रिक तरिकावाट छनौट भई बनेको ११ सदस्यीय समितिलाई सम्झनु पर्छ।

(च) "बीउभण्डार गृह" भन्नाले विभिन्न कृषि उपजहरु मुख्यतः धान, गहुँ, मकै, दलहन तथा तेलहनको प्रशोधित वा अप्रशोधित बीउलाई चिस्यान, तापक्रम तथा वाष्प नियन्त्रित वा सुव्यवस्थित अवस्थामा भण्डारण गरिने घरलाई सम्झनु पर्छ।

(छ) "मन्त्रालय" भन्नाले प्रदेश नं. ५, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई सम्झनु पर्छ।

(ज) "संस्था" भन्नाले प्रचलित कानून बमोजिम सम्बन्धित निकायमा दर्ता भएको कृषि सहकारी, बीउ बिजन उत्पादक कृषक समूह वा संस्थालाई सम्झनु पर्छ।

(झ) "सामुदायिक बीउ बैंक" भन्नाले समुदायले नेतृत्व गरी स्थानीय तथा उन्नत जातहरुको बीउ उत्पादन, प्रशोधन, भण्डारण तथा बिक्री वितरण स्थानीय स्तरमा नै सञ्चालन गरेको र बचत बीउ अन्यन्त्र बिक्री गरिने बीउ बैङ्कलाई सम्झनु पर्छ।

३. <u>कार्यक्रम सञ्चालनको उद्देश्यहरुः</u> कार्यक्रमका उद्देश्यहरु देहायबमोजिम रहेका छन् :-

(क) प्रमुख खाद्यान्न बाली तथा स्थानीय बाली विशेष जातहरुको स्थानीय स्तरमा संरक्षण गर्ने र जातीय विकास कार्यहरुमा सहयोग पुऱ्याउने,

(ख) सर्व साधारणहरुलाइ सूलभ मूल्यमा गुणस्तरीय बीउको स्थानीय स्तरमा नै उपलब्धता सुनिश्चित गर्ने,

(ग) कृषकलाई सामूहिक बीउ उत्पादन, सङ्कलन, प्रशोधन तथा सुरक्षित भण्डारणमा टेवा पुऱ्याउने र भौतिक पूर्वाधारहरु जस्तैः गोदामघर, प्रशोधन सामग्री, खलियान आदिको विकास गरी समुदायद्वारा व्यवस्थित गर्ने, र

(घ) औपचारिक गुणस्तर नियन्त्रण पद्दति अपनाइ उन्नत जातको बीउ उत्पादन तथा बिक्री वितरणको व्यवस्था मिलाउने।



सचिव

प्रदेश सरकार
प्रदेश नं. ५
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

मा. आरती पौडेल
मन्त्री

## परिच्छेद-२

### कार्यक्रम सञ्चालनका क्षेत्र तथा छनौट प्रक्रिया

४. **कार्यक्रम सञ्चालनका क्षेत्रः** (१) कार्यक्रम सञ्चालनको क्षेत्र छनौट गर्दा यस भन्दा अघिदेखि (कम्तीमा २ वर्ष) नै गुणस्तरीय बीउ बिजन उत्पादन र बजारीकरणका कार्य गरिरहेका कृषक समूह वा सहकारीलाई प्राथमिकता दिइनेछ।

(२) नयाँ स्थापनाको हकमा स्थानीय तथा उन्नत बीउ बिजन उत्पादनका हिसावले महत्वपूर्ण रहेका र किसानका लागि उन्नत बीउ बिजन कार्यक्रम लागू नभएका प्रदेश नं. ५ का नवलपरासी, पाल्पा, कपिलवस्तु, रुपन्देही, दाङ्ग, बाँके र बर्दिया जिल्ला भित्रका जुनसुकै स्थानमा स्थापना गर्न सकिनेछ।

(३) कार्यक्रममा पहिले नै सामुदायिक बीउ वैंक स्थापना भई सञ्चालनमा आउन नसकेका वा बन्द अवस्थामा रहेकालाई पुनः सक्रिय तुल्याई विस्तार गर्न इच्छुक १२ जिल्लाकै समूह वा सहकारीले कार्यक्रममा आवेदन दिन सक्नेछन्।

५. **सूचना प्रकाशन तथा प्रस्ताव छनौट** : (१) यस कार्यक्रमको सञ्चालन प्रक्रिया देहायबमोजिम हुनेछः

(क) बीउ बैंक स्थापना वा सुधार कार्यका लागि निर्देशनालय/कार्यालयले राष्ट्रिय वा प्रदेशस्तरको पत्रिकामा ३० (तीस) दिने सूचना प्रकाशन गरी प्रस्ताव माग गर्नेछ।

(ख) आयोजना प्रस्ताव गर्ने संस्थाको कम्तीमा २ रोपनी वा ३ कट्ठा जग्गा आफ्नै स्वामित्वको हुनु पर्नेछ वा घटिमा १५ वर्षका लागि भाडामा लिएको करारनामा पेश गर्नु पर्नेछ।

(ग) कार्यक्रम स्थलमा सडक र विजुलीको पहुँच पुगेको हुनु पर्नेछ।

(घ) अनुसूची-२ बमोजिमको ढाँचाको प्रतिवद्धता पत्र तथा अनुसूची-१ बमोजिमका आवश्यक कागजातहरु सहित प्रस्ताव तयार गरी निर्देशनालय वा निर्देशनालयले तोकेको कार्यालयमा प्रस्ताव दर्ता गर्नु पर्नेछ। दर्ता भएका प्रस्तावना सम्बन्धित कार्यालयले म्याद सकिएको मितिले ७ दिनभित्र निर्देशनालय/कार्यालयमा पठाई सक्नु पर्नेछ।

(ङ) भौगोलिक सम्भाव्यताका आधारमा प्राप्त आवेदनहरुको स्थलगत प्रमाणीकरण तथा मूल्याङ्कन निर्देशनालय/कार्यालयले गर्नेछ।



प्रदेश सरकार

मा. आरती पौडेल
मन्त्री

(च) छनौट भएका प्रस्तावक र निर्देशनालय/कार्यालय बीच अनुसूची-४ बमोजिमको ढाँचामा द्विपक्षीय सम्झौता हुनेछ।

(छ) सिफारिस भएका आवेदकहरुको प्रस्तावित ईन्जिनियरिङ डिजाईन, लागत अनुमान तथा भौतिक पूर्वाधारहरुको अन्तिम लेखाजोखा निर्देशनालय/कार्यालयले नै गर्नेछ तर कार्यान्वयनको चरणमा कुनै प्राविधिक रेखदेख, सुपरीवेक्षणको आवश्यकता परेमा निर्देशनालय/कार्यालयले उपलब्ध गराउनेछ।

(ज) कार्यविधिको कार्यान्वयन भन्दा अगावै सोही प्रयोजनका लागि विगत २ आ.व. भित्र मन्त्रालय वा अन्य कुनै सरकारी निकायबाट अनुदान लगायतका सुविधा प्राप्त गरेका संस्थाहरुलाई दोहोरो सुविधा लिने गरी यस कार्यविधि बमोजिम सुविधा प्राप्त हुने छैन। तर सम्पन्न भइ नसकेका कार्यक्रमलाई यस किसिमको सुविधा प्रदान गर्न सकिनेछ।

(२) कार्यक्रम अन्तर्गत सञ्चालन गरिने क्रियाकलापहरु देहाय बमोजिम रहेका छन् :-

| क्र.स. | क्रियाकलाप | प्रक्रिया | जिम्मेवारी | उपलब्ध हुने रकम (प्रति प्रस्ताव) |
|---|---|---|---|---|
| १ | बीउभण्डार गृह निर्माण वा सुधार (५०% अनुदान) | निर्माण/सुधार | प्रस्तावकको | अधिकतम रु. ९ लाख |
| २ | बीउ प्रशोधन तथा भण्डारण मेशिनरी औजार उपकरण (५०% अनुदान) | मेशिनरी आपूर्ती | प्रस्तावकको | अधिकतम रु. ७ लाख |

६. <u>समिति सम्बन्धी व्यवस्थाः</u> (१) निर्देशनालयबाट सञ्चालन हुने कार्यक्रमको हकमा देहाय बमोजिमको एक कार्यक्रम व्यवस्थापन समिति गठन हुनेछ :-

| | | | |
|---|---|---|---|
| (क) | प्रमुख, | कृषि विकास निर्देशनालय | अध्यक्ष |
| (ख) | प्रमुख वा प्रतिनिधि, | योजना,कार्यक्रम तथा अनुगमन शाखा | सदस्य |
| (ग) | प्रमुख वा प्रतिनिधि, | सम्बन्धित महाशाखा, मन्त्रालय | सदस्य |
| (घ) | प्रमुख वा प्रतिनिधि, | लेखा/प्रशासनशाखा | सदस्य |
| (ङ) | प्रमुख वा प्रतिनिधि, | बाली विकास तथा माटो व्यवस्थापन शाखा | सदस्य सचिव |

प्रदेश सरकार
प्रदेश नं. ५
भूमि व्यवस्था, ... सहकारी मन्त्रालय



सचिव

मा. आरती पौडेल
मन्त्री

(२) कृषि ज्ञान केन्द्रबाट सञ्चालन हुने कार्यक्रमको हकमा देहाय बमोजिमको समिति गठन हुनेछः-

| | | |
|---|---|---|
| (क) | कार्यालय प्रमुख वा निजले तोकेको अधिकृत | अध्यक्ष |
| (ख) | योजना शाखा प्रमुख | सदस्य |
| (ग) | लेखा/प्रशासन शाखा | सदस्य |
| (घ) | कार्यालय प्रमुखले तोकेको कार्यक्रम सञ्चालन गर्ने शाखाको कर्मचारी | सदस्य सचिव |

(३) उपदफा १ वा २ बमोजिमको समितिले आवश्यकता अनुसार बढीमा ३ जना सम्म कुनै विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

७. <u>समितिको काम, कर्तव्य र अधिकारः</u> कार्यक्रम व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) कार्यक्रमको प्रस्ताव आह्वानको सूचनाको ढाँचा तयार गर्ने र सूचना प्रकाशन गर्ने निर्णय गर्ने,

(ख) कार्यक्रमको उद्देश्य अनुरुप सञ्चालन गर्न र कार्यक्रम तथा बजेट अनुदान वितरणलाई व्यवस्थित र मर्यादित बनाउन आवश्यक कार्य गर्नुका साथै आवश्यकता अनुसार अन्य उपसमिति पनि गठन गर्न सक्ने,

(ग) दर्ता भएका प्रस्तावहरुले आवश्यक न्यूनतम आधारहरु पुरा गरेको/नगरेको यकिन गरी पहिलो चरणमा प्रारम्भिक स्क्रिनिङ्ग गर्ने/गराउने,

(घ) कार्यक्रम सञ्चालनका लागि सम्भावित अनुदानग्राहीको छनौटको लागि आवश्यक स्थलगत निरीक्षण गर्ने/गराउने,

(ङ) स्थलगत निरीक्षण टोलीको प्रतिवेदनमा उल्लेख भए अनुसार प्रस्तावकहरुको मूल्याङ्कन प्रक्रिया अगाडी बढाउने वा अस्वीकृत गर्ने,

(च) अनुसूची-३ बमोजिमको आधारमा प्रस्तावको मूल्याङ्कन गरी स्वीकृतिको लागि सिफारिस गर्ने,

(छ) मूल्याङ्कन बमोजिमको योग्यताक्रम अनुरुप स्वीकृत बजेटको परिधि भित्र रही छनौट भएका प्रस्तावकसँग सम्झौताको लागि निर्णय गर्ने/गराउने,

(ज) छनौट भएका प्रस्तावकहरुको प्रस्तावित कार्ययोजनालाई आवश्यक देखिएमा प्रस्तावकको सहमतिमा परिमार्जन गर्ने र अन्तिम रुप दिई अनुदानको सीमा तोक्ने, र

प्रदेश सरकार
प्रदेश नं. ५

मा. आरती पौडेल
मन्त्री

(झ) कार्यक्रमको सुपरीवेक्षण र अनुगमन गर्ने गराउने।

८. प्रस्तावकले पालना गर्नुपर्ने शर्तहरुः यस कार्यक्रमका स्वीकृत प्रस्तावकले देहायबमोजिमका शर्तहरु पालना गर्नु पर्नेछः-

(क) संस्था वा उपभोक्ताले बीउ बैंक समितिको सञ्चालन विधान बनाई सोही आधारमा कार्यहरु सञ्चालन गर्नु पर्नेछ।

(ख) बीउभण्डार गृह (बीउ बैंक) स्थापना वा सुधार कार्यक्रममा लाग्ने लागतको बढीमा ५० प्रतिशत रकम वा रु.१६ लाख मध्ये जुन कम हुन आउँछ सो मात्र अनुदानमा उपलब्ध गराइनेछ।

(ग) प्रस्ताव गरिएका आयोजनाको कूल लागत न्यूनतम् २० लाख भन्दा बढीको हुनु पर्नेछ। साथै अनुसूची-१ खण्ड (क) मा रहेको प्रस्तावको ढाँचामा तोकिएका न्यूनतम क्रियाकलापहरु नसमेटिएका प्रस्ताव मान्य हुने छैन।

(घ) बीउभण्डार गृह पहिले नै बनिसकेका र प्राविधिक दृष्टीले उपयुक्त रहेको भनि समितिले ठहर गरेमा भण्डार गृह निर्माण वा सुधारको क्रियाकलाप नगरी अन्य कार्यमा प्रस्ताव गर्न बाधा पर्ने छैन।

(ङ) अनुदान प्राप्त गर्ने समूह वा सहकारी संस्थाको नाममा जग्गा भए जग्गा धनी प्रमाण पुर्जा वा कम्तिमा १५ वर्षको जग्गा भोगाधिकारको करारनामा पत्र सहित जग्गा धनी प्रमाण पुर्जाको प्रतिलिपि पेश गर्नु पर्नेछ।

(च) अनुदानमा स्थापना/निर्माण वा सुधार भएका बीउ भण्डार गृह वा यसका प्रशोधन तथा भण्डारण उपकरण आदिप्रयोग गर्ने आफ्नो समूह वा सहकारीका सदस्यहरुलाई सहुलियत दरमा बीउ बैंक समितिको विधान अनुसार उपलब्ध गराउनु पर्नेछ।

(छ) स्थापना/निर्माण वा सुधार गरी तयार भएको बीउ बैंक र प्रशोधन तथा भण्डारण उपकरण कम्तिमा १० वर्षसम्म अरुलाई बिक्री वितरण वा हस्तान्तरण गर्न पाइने छैन।

९.अनुदान प्रवाह विधि :अनुदान प्रवाह विधि देहायबमोजिम हुनेछ :-

(क) अनुदान रकम कार्यसम्पन्न प्रतिवेदनका आधारमा निर्देशनालय/ कार्यालयबाट बढिमा ३ किस्तामा (पहिलो ४०%, दोस्रो ७०%, र तेस्रो १००% कार्यसम्पन्न भएपछि) एसिपेयी चेक मार्फत भुक्तानी दिइनेछ।



प्रदेश सरकार

सचिव

मा. आरती पौडेल
मन्त्री

(ख) संस्थाले पेश गरेको विवरणको आधारमा निर्देशनालय/कार्यालय वा मातहतका कार्यालयद्वारा अनुगमन भई प्रतिवेदनको आधारमा अनुदान रकम भुक्तानी दिइनेछ।

(ग) निर्देशनालय/कार्यालयले सम्बन्धित मूल्याङ्कनबाट संलग्न कागजातहरु जाँच गरी सिफारिसको आधारमा अनुदान रकम भुक्तानी गर्नेछ।

(घ) भुक्तानी गर्दा प्रचलित कानूनबमोजिम अग्रीम आयकर र कन्टिन्जेन्सि कट्टा गरिनेछ। कन्टिन्जेन्सी बापतको रकम विशेषज्ञ परामर्श सेवा, निर्माण कार्यको सुपरभिजन, प्राविधिक सेवा तथा हेरालु कार्य आदिमा खर्च गर्न सकिनेछ।

१०. <u>कार्यान्वयन प्रक्रियाः</u> कार्यक्रम कार्यान्वयन प्रक्रिया देहायबमोजिम हुनेछः-

(क) छनौट भएका संस्थाहरुले प्रचलित कानून बमोजिम बीउ भण्डार गृह (बीउ बैंक) को नक्सा पास गराउनु पर्नेछ।

(ख) नयाँ निर्माण तथा पुरानो भण्डार गृह मर्मत सम्भारका लागि लागतको इष्टीमेट समेत पेश गर्नु पर्नेछ।

(ग) बीउभण्डार गृह (बीउ बैंक) स्थापनाका लागि सम्पूर्ण भौतिक पूर्वाधार निर्माणको कार्य र मेशिन उपकरणको जडान लगायतका कार्यहरु र गोदामघर निर्माण तथा मर्मत कार्यहरु भए एक आ.व. भित्र सम्पन्न गरी सक्नु पर्नेछ।

(घ) बीउभण्डार गृह स्थापनाका लागि भौतिक पूर्वाधारहरुको निर्माण, मेशिनरी उपकरण खरिद र जडान गर्न आवश्यक लागत खर्च सहितको एकमुष्ट प्रस्ताव अनुसूची-१ बमोजिमको ढाँचामा पेश गर्नु पर्नेछ।

(ङ) स्थापना/निर्माण वा सुधार कार्यको नियमित अनुगमन, सुपरीवेक्षण तथा प्राविधिक सेवा निर्देशनालय र मातहतका कार्यालयबाट हुनेछ। आवश्यकता अनुसार साईट सुपरभाईजर मन्त्रालय वा निर्देशनालय/कार्यालयले व्यवस्थापन गर्नेछ।

(च) संस्थाले आफ्नो वार्षिक लेखा परीक्षण, कारोबारको स्थिती प्रतिवेदन वार्षिक रुपमा निर्देशनालय/कार्यालयमा उपलब्ध गराउनु पर्नेछ।

सचिव

मा. आरती पौडेल
मन्त्री

## परिच्छेद-४

## अनुगमन र समन्वय

११. अनुगमन : (१) कार्यक्रमको अनुगमन मन्त्रालय, निर्देशनालय/कार्यालय, प्रदेश सरकारका सरोकारवाला कार्यालयले संयुक्त वा छुट्टा छुट्टै गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम भएको अनुगमन र निर्देशनको लिखित अभिलेख र प्रतिवेदन कार्यालयले सुरक्षित राखु पर्नेछ।

(३) उपदफा (१) बमोजिम दिएको निर्देशनको पालना गर्नु अनुदानग्राहीको कर्तव्य रहनेछ।

१२. समन्वय : मन्त्रालय र निर्देशनालयले कार्यक्रमलाई व्यवस्थितरुपले सञ्चालन गर्न सरोकारवाला नेपाल सरकारका निकाय, प्रदेश सरकारका निकाय र सम्बन्धित स्थानीय तहबीच समन्वय गर्नेछ।

## परिच्छेद-५

## विविध

१३. सार्वजनिक परीक्षण : यस कार्यविधि बमोजिम कार्यक्रम सम्पन्न भएपछि अनुदानग्राहीले स्थानीय तहका प्रतिनिधिहरु, सरोकारवाला निकाय तथा कार्यक्रमबाट प्रभावित जनसमुदायलाई कार्यक्रम सञ्चालन भएको स्थानमा भेला गराई कार्यक्रमको आम्दानी तथा खर्च, निर्मित संरचना र खरिद गरिएको वस्तुको सार्वजनिकीकरण गर्नु पर्नेछ।

१४. कारवाहीको व्यवस्थाः कार्यक्रम सञ्चालन गर्दा मन्त्रालय र अन्तर्गतका निकायहरुले दिएका निर्देशनपालना गर्नु पर्नेछ। सम्झौता बमोजिमको कार्य नभएको खण्डमा प्रचलित कानून बमोजिम कारवाही हुनेछ।

१५. बाधा अड्चन फुकाउः (१) यस कार्यविधिमा व्यवस्था भएकोमा यसै कार्यविधि बमोजिम र अन्य अवस्थामा प्रचलित कानून बमोजिम हुनेछ।

(२) यस कार्यविधि कार्यान्वयनमा केही बाधा अड्चन आइपरेमा वा विवाद उत्पन्न भएमा सो को निरुपण प्रचलित कानून बमोजिम हुनेछ। यस सन्दर्भमा मन्त्रालयको व्याख्या अन्तिम हुनेछ।

प्रदेश सरकार
प्रदेश नं. ५
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
बुटवल, नेपाल

सचिव

मा. आरती पौडेल
मन्त्री

१६. <u>संशोधनः</u> (१) आन्तरिक मामिला तथा कानून मन्त्रालय र आर्थिक मामिला तथा योजना मन्त्रलायको सहमति लिई यस कार्यविधिमा आवश्यकता अनुसार मन्त्रालयले संशोधन गर्न सक्नेछ।

(२) मन्त्रालयले आवश्यकता अनुसार यस कार्यविधिको अनुसूचीहरुमा हेरफेर गर्न सक्नेछ।

सचिव

प्रदेश सरकार
प्रदेश नं. ५
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
बुटवल, नेपाल

मा. आरती पौडेल
मन्त्री

अनुसूची– १

(दफा ५ को खण्ड (घ) सँग सम्बन्धित)

१.१<u>बीउ भण्डारण गृह (बीउ वैंक) स्थापना तथा सुधारका लागि दिने आवेदन पत्र</u>

श्री .............................. मितिः ...................

..................... प्रदेश नं. ५ ।

विषयः साझेदारीमाबीउ भण्डारण गृह (बीउ वैंक) स्थापना तथा सुधारको प्रस्ताव पेश गरेको वारे।

प्रस्तुत विषयमा तहाँ निर्देशनालय/कार्यालयबाट मिति ................................ मा प्रकाशीत गरिएको सूचना अनुसार ...............................................बीउ भण्डारण गृह (बीउ वैंक) स्थापना तथा सुधारको लागि..................................................आवश्यक भएकोले निर्देशनालय/कार्यालयले तोकेको शर्तको अधीनमा रही साझेदारीमा ...................................... गर्न निम्न अनुसारको कागजातहरु यसै निवेदन साथ संलग्न राखी यो प्रस्ताव पेश गरेको छु।

संलग्न कागजातरुः

१.

२.

३.

४.

दस्तखत ..........................

नाम ...............................

संस्थाको छापः

पद ................................

ठेगाना ...........................

संस्थाको नाम ....................

सम्पर्क नं. .......................

ईमेल ............................

<u>संलग्न गर्नुपर्ने कागज पत्रहरु</u>

१.अघिल्लो आ.व. सम्म दर्ता भएको समूह/सहकारी/कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि

२.समूह/सहकारी सदस्यको हकमा समूह/सहकारीको निर्णय प्रतिलिपि

सचिव

मा. आरती पौडेल
मन्त्री

३. तोकिएको सम्पर्क व्यक्ति/सदस्यको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र पासपोर्ट साइजको फोटो १/१ प्रति

४. कम्पनी/फर्म र सहकारीहरुको हकमा लेखा परीक्षण प्रतिवेदन, कर चुक्ता प्रमाणपत्र, मुल्य अभिवृद्धि कर/ स्थायी लेखा नम्बरको प्रमाणपत्रको प्रतिलिपि १/१ प्रति

५. जमिनको स्वामित्व संस्थाको नाममा रहेको लालपुर्जाको प्रतिलिपि वा १५वर्षको जग्गाको करारनामा पत्र सहित जग्गा धनि प्रमाण पुर्जाको प्रतिलिपी

६. स्थानीय तहको प्राथमिकता र कृषि ज्ञान केन्द्रबाट प्राविधिकरुपमा उपयुक्त रहेको भन्ने व्यहोराको सिफारिस-पत्र

७. नयाँ स्थापनाहुने बीउभण्डारबनाउने स्थान देखाउने हाते नक्सा

८. आगामी ३ वर्षको लागि व्यवसायिक प्रक्षेपण सहितको कार्य योजना

९. पूर्ण ईन्जिनियरिङ्ग डिजाईन सहितको नक्सा, स्थानीय तहको मापदण्ड अनुसार स्वीकृत नक्सा (डिजाइन/नक्सा कार्यक्रम स्वीकृत भए पछि मात्र पेश गर्नु पर्ने)

१०. सम्बन्धित स्थानीय तहको सिफारिस पत्र (छनौट भई सम्झौता अघि पेश गर्नुपर्ने)

### १.२बीउभण्डार गृह (बीउ बैंक) स्थापना तथा सुधार कार्यक्रमको संक्षिप्त कार्ययोजना

**खण्ड (क)**

**प्रस्तावनाको ढाँचा**

१.परिचयात्मक विवरण:

| | |
|---|---|
| आवेदक संस्थाको नामः | |
| ठेगानाः | |
| जिल्लाः<br>स्थानीय तहको नामः<br>वार्ड नं.<br>गाउँ/टोलः | |
| संस्थाको अध्यक्षको नामः | |
| अध्यक्षको फोन नं. | |
| सम्पर्क व्यक्तिको नामः | |
| सम्पर्क व्यक्तिको फोन नं. | |
| संस्था दर्ता नं.र मितिः | |
| संस्था दर्ता भएको कार्यालयको नामः | |

मा. आरती पौडेल
मन्त्री

| सदस्य संख्याः | जम्मा..............महिला..............<br>पुरुष............ दलित........ जनजाति.....<br>अन्य.......... |
|---|---|
| लाभान्वित कृषक संख्याः | प्रत्यक्ष....................प्रत्यक्ष.................... |

२. कार्यक्रममा प्रत्यक्षरुपमा संलग्न हुन चाहने कृषकहरुको विवरणः

| सि.न. | कृषकको नाम, थर | ठेगाना | फोन नं | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| ६ | | | | | |
| ७ | | | | | |
| ८ | | | | | |
| ९ | | | | | |
| १० | | | | | |
| ११ | | | | | |
| १२ | | | | | |
| १३ | | | | | |
| १४ | | | | | |
| १५ | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

३. आयोजनाको क्रियाकलाप तथा लागत सम्बन्धी विवरण

(क) आयोजनाको लागत विवरणः

| सहभागिता | रकम रु. | कैफियत |
|---|---|---|
| जम्मा लागत रु. | | |



सचिव

मा. आरती पौडेल
मन्त्री

| | | |
|---|---|---|
| निर्देशनालय/कार्यालयले व्यहोर्ने रु. | | |
| संस्थाले व्यहोर्ने रु. | | |
| अन्य साझेदार संस्था भए रु. | | |

(ख) आयोजनामा सञ्चालन गर्नुपर्ने क्रियाकलापहरु (प्रस्तावकले गर्ने)

| क्र.स. | क्रियाकलापहरु | कूल लागत रकम रु. | आवेदक संस्थाले ब्यहोर्नुपर्ने रकम रु. | निर्देशनालय/ कार्यालयबाट दिइने अनुदान रकम रु. |
|---|---|---|---|---|
| १ | सामुदायिक बीउ वैंक समितिको गठन तथा विधान तथा योजनाका लागि समुह बैठकहरु (बीउ वैंक सञ्चालन विधान, बीउ उत्पादन तथा जात संरक्षण योजनाहरु बनाउन तथा निर्णयहरु गर्ने कार्यहरु) | | | – |
| २ | बीउको जातीय नक्सा तयारी साथै तथा कृषि तथा बीउ मेला, दिवस आदिमा सहभागि (स्थानीय जात तथा बीउ संरक्षणका लागि प्रवर्द्धनात्मक कार्यहरु) | | | – |
| ३ | वीज वृद्धि कार्यक्रम | | | – |
| ४ | बीउ घुम्ती कोष (Revolving Fund) स्थापना (अनुदान रकमको १०% रकम संस्थाको खातामा घुम्ती कोषको रुपमा रहने) | | | – |
| ५ | बीउभण्डार गृह निर्माण वा सुधार (गोदाम निर्माण/सुधार, खलिहान निर्माण, वा उपकरण औजार राख्ने सेड हाउस पनि पर्ने) (५०% अनुदान) | | | अधिकतम् रु. ९ लाख |
| ६ | बीउ प्रशोधन तथा भण्डारण मेशिनरी औजार उपकरण खरिद जडान (५०% अनुदान) | | | अधिकतम् रु. ७ लाख |
| ७ | स्थानीय जात संरक्षण तथा बीउ साटासाट, वितरण आदि कार्यका लागि (जात संरक्षणका लागि बीउ राख्ने र्याक, प्याकेट अनुसन्धान बीउ कीट, विशेष | | | – |



प्रदेश सरकार
सचिव

मा. आरती पौडेल
मन्त्री

| | | | | |
|---|---|---|---|---|
| | भण्डारण सामग्री आदि) | | | |
| ८ | विविध खर्च (होर्डिङ्ग बोर्ड सार्वजनिक सुनुवाइ, बैठक, बीउ बैंकका प्रदेश तथा राष्ट्रीय स्तर सभा तथा समन्वय कार्यक्रम आदिमा सहभागि) | | | – |
| | **कूल जम्मा रकम रु.** | | | अधिकतम १६ लाख |

नोटः क्रियाकलाप नं. ५ र ६ को हकमा विस्तृत लागत अनुमान र स्पेशिफिकेशन सहितको कोटेशन समेत पेश गर्नुपर्ने छ ।

४. आयोजना प्रस्तावको विवरणः

क) बीउ भण्डारण गृह (बीउ वैंक) को प्रकार........सामुदायिक बीउ बैंक...................

ख) बीउ वैंकमा स्टोर गर्ने मुख्य मुख्य उपजको विवरणः

उपजको नामः........................... परिमाण मे.टन. .............................

५. अनुमानित सञ्चालनमा आउने मितिः– ...................

६. प्रक्षेपित कारोबार विवरण (औपचारिक पद्धतिको गुणस्तरीय बीउ उत्पादन तथा बिक्री मे.टन) र स्थानीय जात/बीउ संरक्षण

| क्र. सं | विवरण/उपज | पहिलो वर्ष | | | दोश्रो वर्ष | | | तेश्रो वर्ष | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | उत्पादन | बिक्री | स्थानीय जात (सङ्ख्या)/ बीउ बचत | उत्पादन | बिक्री | स्थानीय जात(सङ्ख्या)/ बीउ बचत | उत्पादन | बिक्री | स्थानीय जात(संख्या)/ बीउ बचत |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

७. बीउ बैंकको प्रभाव (बीउ भण्डार मा स्टोरको लागि कहाँ कहाँबाट आउने)क्षेत्रः

| क्र.सं. | स्थानीय तह र वार्ड नं. | क्षेत्रफल हेक्टर | उत्पादन मे.टन | स्टोर गर्ने परिमाण मे.टन. |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

८. आवेदक समूह/संस्थाको चल अचल पूँजिको विवरणः

सचिव

मा. आरती पौडेल
मन्त्री

| चल पुँजी | अचल पुँजी | कैफियत |
|---|---|---|
| | | |
| | | |

९. बीउ बैंक स्थापनाका लागि उपलब्ध हुने जग्गाको विवरण

क) पाखो ...................... क्षेत्रफल......................

ख) खेतः...................... क्षेत्रफल ......................

१०. संस्थाको स्वामित्वमा जग्गा छ वा छैन् ......................

११. सडक सुविधा छ वा छैन् ............

क) छैन भने सडकको संभावना विवरण ..............................

१२. विद्युतको व्यवस्था छ वा छैन ....................

क) छैन भने हुन सक्ने नसक्नेर भविष्यमा ३ फेजहुने संभावना........................

ख) छ भने बीउभण्डार स्थलबाट दुरी ............................... मिटर

अन्य आवश्यक विवरणहरु उल्लेख गर्नुपर्ने भए ...........................

१३. संस्थामा उपलब्ध भौतिक पूर्वाधार तथा मशिनरी औजार को विवरणः

गोदाम भण्डार क्षमता ..........

अन्य भौतिक पूर्वाधार र तिनको क्षमता ..............

मशिनरी उपकरण ...............

कार्यालय कोठा .................

कम्पाउण्ड वाल/फेन्सिङ...................

१४. बीउ बैंक सञ्चालन गर्न सक्ने जनशक्ति छ ☐ वा छैन ☐

यदि छ भने अनुभव वर्ष (पहिले देखि नै औपचारिक बीउ उत्पादन कार्यमा सहभागि) ........

यदि छैन भने कसरी व्यवस्थापन गर्नु हुन्छ......................

१५. बीउ बैंक सञ्चालन योजना पेश गर्नु पर्नेछ ...............

१६. स्थानीय तथा रैथाने जात एवं बीउ संरक्षण योजना ................................

१७. बीउ उत्पादन तथा बजार योजना विवरण...........................................

१८. बीउ बैंक सञ्चालन विधान ..............................................

१९. यस अघि वीउ उत्पादन र विक्रि वितरण गरेको छ वा छैन? छ भने उत्पादन विवरणः

| क.सं. | आ.व. | बाली | जात | परिमाण (केजि) |
|---|---|---|---|---|

मा. आरती पौडेल
मन्त्री

| | | | | |
|---|---|---|---|---|
| | | | | |

२०. अन्य केही भए..........................................................................

## खण्ड – ख

**प्रस्तावित योजनाको लागि अन्य कुनै स्रोतबाट अनुदान नलिएको स्व-घोषणा**

.................... को मिति २०७ .................. मा प्रकाशित सूचना अनुसार बीउभण्डार गृह (बीउ बैंक) स्थापना तथा सुधार कार्यक्रमको चालु आ.व. र अघिल्ला २ आ.व. भित्र अन्य कुनै स्रोतबाट सोही प्रयोजनका लागी अनुदान नलिएको स्वघोषणा गर्दछु/गर्दछौं।

उपर्युक्त बमोजिमको विवरणहरु जाने बुझे सम्म सहि छ यदि झुटो ठहरीएमा निवेदन स्वत खारेज भई प्रचलित कानून बमोजिम सहुँला बुझाउँला।

साक्षीः
दस्तखतः
नामः
पदः
मितिः

निवेदक
दस्तखतः
नामः
पदः
मितिः

नोटः यो एउटा नमूना फाराम मात्र हो निर्दिष्ट गरेको बुँदामा रही विस्तृत प्रस्तावना पेश गर्नु पर्नेछ।

सचिव

प्रदेश सरकार
प्रदेश नं. ५
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
बुटवल, नेपाल

मा. उ[illegible]ती पौडेल
मन्त्री

## अनुसूची-२

(दफा ५ को खण्ड (घ) सँग सम्बन्धित)

**प्रतिवद्धता-पत्र**

.................................................... को मिति २०७................ मा प्रकाशित सूचना अनुसार ............................................................... कार्यक्रम अन्तर्गत अनुदान प्राप्त गरी कार्यक्रम गर्न इच्छुक भै कार्य योजना सहितको आवेदन पेश गरेको छु/गरेका छौं। उक्त कार्यक्रममा छनौट भएमा कार्य योजनामा उल्लेख भए बमोजिम कार्य गर्ने गरि घटिमा ................ वर्षसम्म निरन्तरता दिनेछु/दिनेछौ। कार्ययोजना अनुसारको कार्य नगरेमा वा ........... वर्ष भन्दा अगावै सो कार्यहरु बन्द गरेमा कृषि विकास निर्देशनालय/कार्यालयको अनुदान फिर्ता गर्नेछु/गर्नेछौं। अन्यथा प्रचलित कानून बमोजिम सहुँला/बुझाउँला। साथै प्रस्तावित कार्यहरुका लागि अन्य कुनै निकायबाट आर्थिक सहयोग प्राप्त नगरेको व्यहोरा समेत अनुरोध गर्दछु/गर्दछौं। इति सम्वत् २०७..........गते .............रोज ..... शुभम्।

नामः

ठेगानाः

| दायाँ | बायाँ |
|---|---|
| | |

दस्तखतः

मितिः

संस्थाको छापः

प्रदेश सरकार
प्रदेश नं. ५
भूमि व्यवस्था, कृषि तथा सहकारी
बुटवल, नेपाल

सचिव

मा. आरती पौडेल
मन्त्री

अनुसूची-४

(दफा ५ को खण्ड (च) सँग सम्बन्धित)

**सम्झौता-पत्रको ढाँचा**

श्री ...................................... मार्फत सञ्चालन गरिने आ.व. ..................... को स्वीकृत ........................................................... कार्यक्रम सञ्चालन गर्न .......................... .................................. (यस पछि पहिलो पक्ष भनिने) र विशिष्टताका आधारमा छनौट भएका कम्पनी/समूह/सहकारी संस्था ........................................................................ (यस पछि दोस्रो पक्ष भनिने) बीच तपसिलका सर्तमानहरु गरी कार्यक्रम सम्पन्न गर्न सम्झौता र सहमति भएको छ।

१. यो सम्झौता पत्र ..................................(प्रथम पक्ष) र .................................. (दोस्रो पक्ष) बीच .................................................... कार्यक्रमको लागि लागत साझेदारीका लागि प्रयोग हुनेछ।

२. सम्झौता भएको मितिदेखि यो सम्झौता प्रारम्भ भएको मानिनेछ।

३. दोस्रो पक्षले सम्झौतामा उल्लेख भए बमोजिमका कार्यहरु सम्झौता भएको मितिले ......... दिन भित्र शुरु गर्नु पर्नेछ।

४. .................................................... कार्यक्रम सञ्चालनका लागि प्रथम पक्षले दोस्रो पक्षलाई कार्यक्रमको लागि ......... % कार्य सम्पन्न भए पछि पहिलो, ......... % कार्यसम्पन्न भए पछि दोस्रो र १०० % कार्यसम्पन्न भएपछि अन्तिम किस्ता अनुदान रकम एकाउन्ट पेयी चेक मार्फत भुक्तानी गराउनेछ।

५. स्वीकृत अनुदान रकम भुक्तानी दिंदा अनुगमन टोलिको सिफारिसको आधारमा गरिनेछ। दोस्रो पक्षले कार्यक्रम सञ्चालन गर्दा कार्यक्रम व्यवस्थापन समितिको निर्देशन अनुसार कार्य गर्नुपर्नेछ।

६. सम्झौता बमोजिम रकम भुक्तानी गर्ने सम्बन्धमा मूल्याङ्कनका लागि लागत अनुसारको विल सहित कार्यसम्पन्न प्रतिवेदन तयार गरी दोस्रो पक्षले प्रथम पक्षसँग अनुरोध गर्नु पर्नेछ र प्रथम पक्षले सम्पूर्ण प्रतिवेदन तथा विलहरु प्राप्त भएको ७ दिन भित्र भुक्तानीको आवश्यक व्यवस्था मिलाउनेछ।

७. सम्झौता रकम जम्मा:-
प्रथम पक्षले ब्यहोर्ने:-
दोस्रो पक्षले ब्यहोर्ने:-

८. दोस्रो पक्षले अनुदान रकम देहाय अनुसारको बिषयमा मात्र खर्च गर्नु पर्नेछ। अन्यथा प्रथम पक्षबाट भुक्तानी हुने छैन।

| सि.न. | क्रियाकलाप | ईकाइ | परिणाम | दर | जम्मा | अनुदान रक | कार्यक्रम सम्पन्न गर्ने अवधि | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १. पूर्वाधार | | | | | | | | |
| १.१ | | | | | | | | |
| १.२ | | | | | | | | |
| २. औजार/उपकरण | | | | | | | | |
| २.१ | | | | | | | | |
| २.२ | | | | | | | | |
| ३. सञ्चालन खर्च | | | | | | | | |



सचिव

मा. आरती पौडेल
मन्त्री

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३.१ | | | | | | | | |
| ३.२ | | | | | | | | |

९. प्रथम पक्षले उपलब्ध गराउने अनुदान रकम कार्यविधिको दफा ........ बमोजिमको काममा मात्र खर्च गर्न सकिनेछ र तोकिएको समयावधि भित्र सम्पन्न गरी भुक्तानी समेत माग गर्नु पर्नेछ अन्यथा भुक्तानी नभई हानी नोक्सानी पर्न गएमा प्रथम पक्ष जवाफदेही हुनेछैन।

१०. .............................................. कार्यक्रम सुरु भए पश्चात उक्त कार्यक्रमको स्याहार सम्भारको जिम्मेवारी दोस्रो पक्षले लिनु पर्नेछ।

११. यस सम्झौता बमोजिम अनुदान प्राप्त गरी कार्यक्रम सञ्चालन गर्ने सिलसिलामा कुनै दुर्घटना वा भवितव्य हुन गई जनधनको क्षति भएको खण्डमा सो घटनाको जिम्मेवारी दोस्रो पक्षले लिनु पर्नेछ।

१२. सम्झौता मुताविकका कार्य नभएमा वा उपलब्ध श्रोतको दुरुपयोग भएको पाइएमा प्रथम पक्षले जुनसुकै समयमा एकतर्फि रुपमा सम्झौता भङ्ग गरी दोस्रो पक्षबाट दुरुपयोग भए बराबरको रकम सरकारी बाँकी सरह असुल उपर गर्न सक्नेछ।

१३. प्रथम पक्षका तर्फबाट कुनै पनि समयमा हुने कार्यक्रमको निरीक्षण र अनुगमन कार्यमा सहयोग गर्नु दोस्रो पक्षको दायित्व हुनेछ

.......................... ............................

प्रथम पक्षका तर्फबाट — दोस्रो पक्षका तर्फबाट

नामः — नामः

पदः — पदः

साक्षीहरु

नामः — नामः

पदः — पदः

मितिः २०........... साल .......... महिना............ गते

नोट : सम्झौता हुँदाको बखत उल्लिखित बुँदाहरुमा थपघट गर्न सकिनेछ।

सचिव

प्रदेश सरकार
प्रदेश नं. ५
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
बुटवल, नेपाल